# मर्स्याङ्दी गाउँपालिकाको व्यवसायीक कृषि तथा पशु फार्मलाई प्रोत्साहन अनुदान कार्यविधि,२०८०

**प्रस्तावनाः**

मर्स्याङदी गाउँपालिकाको क्षेत्र भित्रको कृषि तथा पशु व्यवसायलाई आधुनिकीकरण गर्दै कृषि कार्य गर्न उत्प्रेरित गर्नुका साथै कृषक, कृषि उधमीहरुलाई प्रोत्साहन गर्दै नविनतम प्रविधिको प्रयोगवाट उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न, कृषक एवं कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा वजारीकरणद्धारा व्यावसायीक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न सशर्त वित्तिय हस्तान्तरीत व्यवसायीक कृषि तथा पशु फार्मलाई प्रोत्साहन अनुदान कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२, मर्स्याङ्दी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन २०७५ को दफा ३६ र प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "मर्स्याङ्दी गाउँपालिकाको व्यावसायिक कृषि तथा पशु फार्मलाइ प्रोत्साहन अनुदानसम्बन्धी कार्यविधि ,२०८०" रहेको छ।

(ख) यो कार्यविधि गाउँपालिकाबाट स्विकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(ख) “कार्यक्रम” भन्नाले विभिन्न कृषि, पशुन्छी तथा मत्स्यजन्य व्यवसायीक प्रोत्साहन अनुदान कार्यक्रम सम्झनुपर्छ ।

मर्स्याङ्दी गाउँपालिका

(ग) “कार्यपालिका” भन्नाले मर्स्याङदी गाउँकार्यपालिका सम्झनुपर्दछ।

(घ) “कृषक”भन्नाले यस कार्यविधिको प्रयोजनको लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायीक कृषि खेति गर्ने कृषक, कृषि फार्म, कृषि/पशु व्यवसायीलाई सम्झनुपर्दछ।

(ङ) “कृषि फार्म” भन्नाले व्यवसायीक प्रयोजनका लागि अनुसूची(१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्मलाई सम्झनुपर्दछ।

(च)“पशु फर्म” भन्नाले व्यवस्थित तरिकाले व्यावसायिक रुपमा कुनै एक पशुपन्छी तथा मत्स्य तोकिएको मापदण्ड, व्यवस्थापन, संख्या तथा जात अनुसार पालिएको पेशा व्यावसाय तथा स्थापना भएको स्थानलाई पशु फर्म मानिनेछ ।

(छ)”कृषि बजार” भन्नाले कृषि/पशु उपजको ग्रेडिङ,प्याकेजिङ्ग,ढुवानी,भण्डारण वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्दछ।

(ज) “गाउँपालिका”भन्नाले मर्स्याङदी गाउँपालिका सम्झनुपर्दछ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मर्स्याङदी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ञ) "अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्विकृत कार्यक्रम बमोजिम कृषि तथा पशु क्षेत्रको उत्पादन, प्रशोधन, मूल्यअभिवृद्धि,बजारीकरण,पूर्वाधारनिर्माण,यान्त्रीकरण,विविधिकरण,व्यवसायीकरण,आधुनिकीकरण,औधौगिकीकरण तथागरिवि निवारण,समेतका लागि छनौट भएका अनुदानग्राहीहरुलाइ प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तिय उत्तरदायित्व वहन गर्ने गरि प्रदान गरिने आर्थिक,वस्तुगत सहायता पुर्वाधार विकास वा उपलब्ध गराईने कृषि/पशु सामाग्री र उपकरण सम्झनुपर्दछ।

(ट) "अनुदानग्राही" भन्नाले यस कार्यविधिबमोजिम छनोट भएका कृषक, कृषि फार्म र कृषिव्यवसायीहरुलाइ सम्झनुपर्दछ।

(ठ) "कृषि" शब्दले बाली, बागवानी,व्यवसायीक किट आदिका उपक्षेत्र सँग सम्बन्धीत उत्पादन,प्रशोधन,उधोग एवम् व्यवसायलाइ सम्झिनुपर्छ।

मर्स्याङ्दी गाउँपालिका

(ड) "पशु" शब्दले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झिनुपर्छ र सो शब्दले पन्छी र माछालाई समेत जनाउछ।

(ढ) "कृषि सामाग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ,बेर्ना,विरुवा, विषादी,जैविक पदार्थ तथा हर्मोन,कृषि चुन र रसायन,पोषक तथा शुक्ष्म तत्व,कृषि औजार,उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुहरुलाइ समेत सम्झनुपर्दछ।

(ण) “सार्वजनिक पुर्वाधार” भन्नाले सार्वजनिक निकायवाट निर्माण हुने बजार पूर्वाधार,तटवन्ध तथा वाँध निर्माण,सिचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पुर्वाधारहरुलाई सम्झनुपर्छ।

(त)"निजि पुर्वाधार" भन्नाले कृषक वा फर्म वा कम्पनीबाट निर्माण हुने साना सिचाई,नर्सरी स्थापना,प्लास्टिक टनेल घर जस्ता उत्पादन,प्रशोधन तथा बजार सम्बन्धी विभिन्न निजि प्रयोजनका पुर्वाधारहरुलाई सम्झनुपर्दछ।

(थ)”सामुदायीक पुर्वाधार” भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राहि समुदायवाट निर्माण हुने सिंचाई पूर्वाधर,उत्पादन तथा प्रसोधन,कृषि वजार पूर्वाधार लगायत अन्य सामुदायीक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ।

(द) "लक्षित वर्ग" भन्नाले कृषक, कृषि/पशु फर्मलाई सम्झनुपर्दछ।

(ध) "प्रोत्साहन अनुदान" भन्नाले व्यबसायीक फार्मलाइ मापदण्ड बमोजिम काम गरेबापत प्रोत्साहन स्वरुप दिइने आर्थिक,वस्तुगत सहायतापुर्वाधार विकास वा उपलब्ध गराईने कृषि सामाग्री र उपकरण सहयोग बुझ्नुपर्छ।

(न)”सशर्त कार्यक्रम”भन्नाले संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट शसर्त वित्तिय हस्तान्तरण मार्फत प्रदेश वा स्थानिय तहमा वा दुवैमा गएका कृषि सम्वन्धी कार्यक्रमहरुलाइ सम्झनु पर्दछ।

(प) “वडा”भन्नाले मर्स्याङदी गाउँपालिकाको वडाहरु सम्झनुपर्छ।

मर्स्याङ्दी गाउँपालिका

(फ) "शाखा" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको कृषि विकास शाखा र पशु सेवा शाखालाई जनाउछ।

३.**उद्वेश्य**:यस कार्यविधि वमोजिम संचालन हुने कार्यक्रमहरूको उद्वेश्य देहायवमोजिम हुनेछ।
क)कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गरी एकरुपता कायम गर्ने।
ख)कार्यक्रमहरुको सम्वन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने।
ग)कार्यक्रमहरुको कार्यान्वयन,अनुगमनलाई प्रभावकारी वनाउने।

## परिच्छेद २
## व्यबस्थापकीय पक्ष

३.**अनुदान उपलब्ध गराउन सक्नेः** मर्स्याङ्दी गाउँपालिकाले स्विकृत कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद ३ मा उल्लेखित कृषि तथा पशु विकास कार्यक्रमहरुको उद्धेश्य,प्रमुख क्रियाकलापहरु र न्युनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषयअनुसार प्रसार सेवा, क्षमता अभिवृद्दि, साना कृषक सम्बन्धी कार्यक्रम आवश्यकतानुसार व्यवसाय प्रवर्धन कार्यक्रम संचालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

४. **अनुदान रकमको सिमा र प्रतिशतः** गाउँपालिकाबाट स्विकृत व्यवसायीक कृषि तथा पशु फार्मलाई प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत उपलब्ध गराईने अनुदानको सीमा यस कार्यविधिअनुसार तोकेबमोजिम हुनेछ।सार्वजनिक निकायवाट सन्चालन गरिने कृषि पूर्वाधार निर्माण(सार्वजनिक कृषि पुर्वाधार)को हकमा अधिकतम १००% हुनेछ।कृषक समुह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा कृषि उधमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायीक प्रयोजनका कृषि पुर्वाधारहरु(सामुदायीक कृषि पुर्वाधार)को हकमा अधिकतम ८५% हुनेछ।निजि एवं व्यवसायीक प्रयोजनका कृषि पुर्वाधारहरु (निजि कृषि पुर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ। प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट संचालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

५. **माग संकलनः**

मर्स्याङ्दी गाउँपालिका

(क) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न मर्स्याङ्दी गाउँपालिकाले नियमानुसार समयमै अनुसूची-२ बमोजिम सूचना प्रकाशन गर्नेछ।

(ख) यस कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभूत/प्रासङ्गिक पक्ष पूरा गर्ने गरि ईच्छुकले अनुसूची-३ बमोजिम आवेदन पेश गर्नेछ।

६. **<u>लाभग्राही छनोटः</u>**१)कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनोट कार्यको लागि गाउँपालिकाले एक समिति गठन गर्नेछ। तर गाउँपालिकामा कृषि तथा पशु सम्बन्धी कार्यक्रम संचालनको लागी समिति रहेको खण्डमा सोही समितिले कार्य गर्नेछ।प्रस्ताव मुल्याङ्कनका आधारहरु अनुसूची-४ बमोजिम हुनेछ, तर प्रस्ताव आह्वान गरि प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनोट गर्नु नपर्ने कृषि तथा पशु प्रसारका नियमित क्रियाकलापहरु कृषि विकास शाखा/पशु सेवा शाखाद्धारा यस कार्यविधिको अधिनमा रहि आवश्यक विधि निर्धारण गरि संचालन गर्न सकिनेछ।

२)समितिले आवश्यकता अनुरुप विषयसंग सम्वन्धित पदाधिकारी विज्ञ ,संघिय प्रदेश सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

३)दफा ६(१) वमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क)यस कार्यविधि वमोजिम मुल्याङ्कन तथा छनोटका आधारहरु तयार गर्ने,

ख)प्राप्त निवेदनहरूको मुल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राहि छनोट गर्ने।

ग)छनोट भएका अनुदानग्राहिलाई उपलव्ध गराइने अनुदान रकम एकिन गर्ने र सम्झौताको लागी सिफारीस गर्ने

घ)सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यक्रमको अनुगमन तथा प्रमाणिकरण गर्ने।

७. **<u>अनुदान प्रवाहः</u>**

मर्स्याङ्दी गाउँपालिका

(क)यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्न अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ४ अनुसार हुनेछ।

(ख) यस कार्यविधि बमोजिम छनोट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भुक्तानी विधि उल्लेख गरी सम्बन्धीत कार्यालयले अनुदानग्राही सँग सम्झौता गर्नेछ।

(ग) अनुसूची-५अनुसार हुने सम्झौता बमोजिम स्थानिय तहले अनुदान भुक्तानी गर्नेछ।

८. **अनुदान भुक्तानीः**

(क) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सिधै बैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ।

(ख) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको हुनेछ। कार्यक्रमको प्रकृति अनुसार जिम्मेवार प्राविधिकले स्थालगत निरिक्षण गरि तयार पारेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ।

(ग) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेपछि मात्र कार्यालयले अनुदानतर्फको रकम भुक्तानी दिनेछ।

९. **कार्यक्रम अनुगमन,मल्याङ्कन र प्रतिवेदन** कार्यक्रमको अनुगमन मर्स्याङ्दी गाँउकार्यपालिकाको कार्यालय,गाउँपालिकाको कृषि तथा पशु हेर्ने शाखा एवम् सम्बन्धित वडा कार्यालयबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछ।यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

मर्स्याङ्दी गाँउपालिका

## परिच्छेद ३
## कार्यक्रम र प्राविधिक पक्ष

व्यवसायीक कृषि तथा पशु फार्मलाई प्रोत्साहन अनुदान कार्यक्रमको कार्यक्रमगत उद्देश्य, कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने प्रमुख क्रियाकलाप,पालना गर्नुपर्ने न्यूनतम मापदण्ड प्रासङ्गिक विषय जस्ता प्राविधिक पक्षहरुको वारेमा उल्लेख गरिएको छ।

१०. **<u>कार्यक्रमको नाम</u>**ः मर्स्याङ्दी गाउँपालिकाको व्यवसायीक कृषि तथा पशु फार्मलाइ प्रोत्साहन अनुदान

१) परिचयः व्यवसायीक खेति/पशुपालन प्रवर्धनको लागि व्यवसायीक कृषि तथा पशु फार्मलाइ अनुदान कार्यक्रमवाट कृषि व्यवसायीकरणमा जोड दिईने छ।

२) उद्देश्यः
(क) व्यवसायीक कृषि खेति तथा पशुपालन गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
(ख) कृषि खेति तथा पशुपालन विस्तार गरि आयात प्रतिस्थापन र निर्यात प्रवर्धनमा टेवा पुर्याउने।
(ग) स्थानिय स्तरमा रोजगारी सृजना गर्ने।

३) लक्षित समूहः व्यवसायीक कृषि गरिरहेका कृषक,कृषि/पशु फार्म सँग सम्बन्धीत सरोकारवालाहरु।

४)क्रियाकलापहरु
१) प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापहरुको विस्तृत विवरण(कृषितर्फ)

(क)मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम
कृषि पेशा तथा व्यवसायलाई आधुनिकीकरण गर्ने हेतुले मर्स्याङ्दी गाउँपालिकामा कृषि व्यवसाय गर्दै आएका व्यवसायीक कृषि फार्महरुलाई न्युनतम लागतमा बढी प्रतिफल प्राप्त गर्नका लागि विभिन्न कृषि औजार उपकरणहरु वितरण गरिनेछ।यस अन्तर्गत व्यबसायीक कृषि फार्मलाइ उत्पादन, प्रशोधन र बजारीकरणमा प्रयोग हुने साना कृषि मेशिनरी औजार खरिदको लागी ५०% अनुदानमा वितरण गर्न सकिनेछ।यसरी वितरण गरिने यन्त्र तथा उपकरणहरु कृषकहरुको माग अनुसार हुनेछन।

(ख) सिंचाइ पूर्वाधार निर्माण तथा व्यबस्थापनमा सहयोगः यस अन्तर्गत कुलो निर्माण/मर्मत तथा ट्युववेल जडान र सोलार पम्प जडान, थोपा सिंचाई, स्प्रिङ्कल,प्लास्टिक पोखरी निर्माण,पाइप इत्यादीमा अनुदान उपलब्ध गराउन सकिने छ।व्यक्तिगत साना सिचांई स्किमको लागि बढिमा

मर्स्याङ्दी गाउँपालिका

५०% अनुदान उपलब्ध गराउन सकिनेछ।कृषकको माग र आवश्यकताका आधारमा सिचाई सम्वन्धी विभिन्न क्रियाकलाप सन्चालन गर्न सकिनेछ।

(ग) माटो स्वास्थ्य  सुधारःमाटो स्वास्थ्य सुधारका लागी नमुना भकारो सुधार अभियान,कम्पोस्ट मल, गोठे मल तथा अन्य मल तयारी र आवश्यकता अनुसार विभिन्न मल खरीदमा अनुदान दिन सकिने छ।भकारो सुधारका लागी कुल लागतको ५०% प्रतिशत अनुदान दिन सकिनेछ।

(घ)प्रस्तावित बालीको उत्पादन,भण्डारण,प्रशोधन र वजारीकरणः कृषि उपजहरुको उत्पादनका लागि बिउ,बेर्ना,मल इत्यादिमा सहयोग गर्न सकिनेछ।विभिन्न संरचनाजस्तै भन्डारण घर, टनेल,जालि घर,सेड हाउस, स्क्रिनहाउस, ग्रिन हाउस, नेट हाउस, प्रशोधन ईत्यादी पुर्वाधार निर्माणमा,विउ तथा विरुवा रोप्न,खाडल खन्न,मल मिसाउन तथा पुर्न,टेका तथा छापो तारवार गर्न लगायत अन्य माग र आवश्यकतामा आधारीत कार्य गर्न सकिने छ। कृषि उपजको बजारिकरणका लागि मागका आधारमा विभिन्न क्रियाकलापहरु संचालन गर्न सकिनेछ।,

(ङ)व्यबसायीक कृषकलाइ मौरीपालनमा प्रोत्साहन अनुदानःव्यबसायीक मौरी पालन गर्दै आएका कृषि फार्महरुलाइ ५०% अनुदानमा मौरी घार वितरण गर्न सकिनेछ।यस कार्यक्रम अन्तर्गत मौरीपालन सम्बन्धी उत्पादन देखी प्रशोधन सम्मका सामाग्रीमा सहयोग गर्न सकिने छ।

(च)मागमा आधारीत प्रस्तावित कार्यक्रमः यो कार्यविधिमा नसमेटिएका तर स्थानीयस्तरमा आवश्यक ठानिएका माग र आवश्यकतामा आधारीत विभिन्न कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

(छ)कार्यक्रम व्यबस्थापनः यस अन्तर्गत व्यबसायीक फार्मलाइ प्रोत्साहन अनुदान कार्यान्वयन गर्न आवश्यक तालिम, गोष्ठी र बैठक संचालन, कार्यक्रम अनुगमन र निरिक्षण,कार्यक्रमको प्रचार प्रसार,कार्यक्रम संचालन सम्बन्धी सूचनाहरुको प्रकाशन, लाभग्राही छनोटको लागि स्थलगत मूल्याङ्कन भ्रमण आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

२)प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापहरुको विस्तृत विवरण( पशुतर्फ)

(क) पशुपन्छी उत्पादन तथा सेवा सम्बन्धी आधारभुत प्रोत्साहन अनुदानः व्यबसायीक पशुपालन गर्दै आएका फार्महरुलाइ ५०% अनुदानमा गोठ/खोर सुधार, पशु नश्ल सुधार र पशु आहारा विकास

सम्बन्धी कार्यक्रम गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत पशुपालन सम्बन्धी उत्पादन देखी प्रशोधन सम्मका सामाग्रीमा सहयोग गरिनेछ।

(ख) पशुपन्छी स्वास्थ्य तथा खोप कार्यक्रमः यस कार्यक्रममा विभिन्न रोग हरुको खोप तथा औषधोपचार पुर्ण अनुदानमा उपलब्ध गर्न सकिनेछ ।

(ग) मत्स्य पोखरी निर्माण तथा ह्यचरी स्थापना सहयोग प्रोत्साहन अनुदानः व्यबसायीक मत्स्यपालन गर्दै आएका फार्महरुलाइ ५०% अनुदानमा मत्स्य पोखरी निर्माण र ह्याचरी स्थापनासम्बन्धी कार्यक्रम गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत मत्स्यपालन सम्बन्धी उत्पादन देखी प्रशोधन सम्मका सामाग्रीमा सहयोग गरिनेछ।

(घ)मागमा आधारीत प्रस्तावित कार्यक्रमः यो कार्यविधिमा नसमेटिएका तर स्थानीयस्तरमा आवश्यक ठानिएका माग र आवश्यकतामा आधारीत विभिन्न कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

(ङ)कार्यक्रम व्यबस्थापनः यस अन्तर्गत व्यबसायीक फार्मलाइ प्रोत्साहन अनुदान कार्यान्वयन गर्न आवश्यक तालिम, गोष्ठी र बैठक संचालन, कार्यक्रम अनुगमन र निरिक्षण,कार्यक्रमको प्रचार प्रसार,कार्यक्रम संचालन सम्बन्धी सूचनाहरुको प्रकाशन, लाभग्राही छनोटको लागि स्थलगत मूल्याङ्कन भ्रमण आदि संचालन गर्न सकिनेछ।

५. अपेक्षित उपलब्धी

(क)व्यवसायिक कृषि खेति/ पशुपालन गरी उत्पादन र उत्पादकत्व वृद्धि हुनेछ।

(ख)कृषिखेति/पशुपालन विस्तार गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन टेवा पुग्नेछ।

(ग)स्थानिय स्तरमा रोजगारी सृजनाहुनेछ।

६.अनुदान प्रतिशत र अधिकतम सिमा यस कार्यविधिको दफा ४ वमोजिम हुनेछ।

७.न्युनतम मापदण्ड/प्रासङ्गिक विषय

| क.स. | विवरण | मापदण्ड | अनुदान प्रतिशत | कै. |
|---|---|---|---|---|
| १. | तरकारी उत्पादन | कम्तिमा २ रोपनि जमिनमा आवश्यकता अनुसार ग्रीन हाउस वा प्लास्टिक घर सहित गुणस्तरयुक्त | ५०% | |

... गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | व्यवसायीक तरकारी उत्पादन भइरहेको हुनुपर्ने। | | |
| २. | फलफुल उत्पादन | कम्तिमा ३ रोपनि जमिनमा व्यवसायीक फलफुल लगाइरहेको हुनुपर्ने | ५०% | |
| ३. | मौरीपालन | कम्तिमा १५ वटा आधुनिक घारको प्रयोग गरि मौरी उत्पादन गरिरहेको कृषि फर्म हुनुपर्ने। | ५०% | |
| ४. | कफी तथा चिया | कम्तिमा ३ रोपनी जमिनमा कफी तथा चिया उत्पादन गरिरहेको हुनुपर्ने | ५०% | |
| ५. | च्याउ उत्पादन | कम्तिमा २ वटा च्याउघरमा सिफारीस प्रविधि अनुसार च्याउ उत्पादन गरिरहेको कृषि फार्म | ५०% | |
| ६. | खाधान्न,दलहन र तेलवालि उत्पादन | कम्तिमा १० रोपनि जग्गामा धान,मकै,कोदो,गहुँ,दलहन,तेलहन आदी बालिहरुको उत्पादन भइरहेको हुनुपर्ने | ५०% | |
| ७. | मसलाबाली र नगदे बाली तथा अन्य | लसुन, अदुवा, वेसार, अलैची, अन्य मसलाजन्य, नगदे वा अन्य वालीहरूको हकमा कम्तिमा ३ रोपनी जमिनमा व्यवसायीक खेति गरेको हुनुपर्ने | ५०% | |
| ८. | बाख्रा/ भेडा पालन | कम्तिमा २५ माउ बाख्रा संख्या पानल गरेको हुनु पर्ने | ५०% | |
| ९. | गाई/भैसी पालन | कम्तिमा १० माउ गाई/भैसीं संख्या पालनगरेको हुनु पर्ने | ५०% | |
| १०. | वङगुर पालन | कम्तिमा १० माउ वङगुर संख्या पालन गरेको हुनु पर्ने | ५०% | |
| ११. | पंक्षीपालन(कुखुरा,हाँस,टर्कि) | कम्तिमा ५०० कुखुरा,हाँस र टर्की पालन गरेको हुनु पर्ने | ५०% | |
| १२. | माछा( रेस्वे) पालन | कम्तिमा १०००० वर्ग मिटर | ५०% | |
| १३ | जलाशय माछा पालन | कम्तिमा ३ रोपनि | ५०% | |

## परीच्छेद-४

## विविध

११.अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नुपर्नेः यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नुपर्नेछ।

मर्स्याङ्दी गाउँपालिका

१२.जिम्मेवार हुनेः कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसिमाभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

१३.कारवाहीको व्यवस्था: लाभग्राहीले प्रोत्साहन अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

१४.बाधा अड्काउ फूकाउः यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण गाउँकार्यपालिकाले गर्नेछ।

१५.यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम तथा अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

मर्स्याङ्दी गाउँपालिका

अनुसुची-१

(परिच्छेद १ को दफा २(घ) सँग सम्बन्धीत)

१) खाधान्न बाली

२) वागवानी जन्यः फलफूल, तरकारी,मसलाबाली,पुष्प

३) पशु,पन्छी

४) माछा,मासु,दुध, फुल, हाड,छाला, ऊन

५) च्याउ

६) मौरी,रेशम

७) चिया,कफी, अलैची,सुपारी,घाँसेबाली

८) तेलहन,दलहन

९) कपास,जुट,उखु,रबरखेति,टिमुर

१०) कृषि पर्यटन

११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्धउत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उधोग

१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री(दाना,मलखाध,विषादी,औषधी) आदिको प्रशोधन उधोग

१४) खेति प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य वस्तुहरु।

मम्याङ्लुङ गाउँपालिका

अनुसची-२

( परिच्छेद २ को दफा ५(क) संग सम्बन्धीत)

..........................................कार्यक्रमका लागी प्रस्ताव आह्वान सम्वन्धि सुचना

सुचना।सुचना। ।सुचना

यस ...............................................को वार्षिक वर्ष.........को वार्षिक स्विकृत कार्यक्रम अनुसार ........अनुदान रकम ऊपलव्ध गराउने कार्यक्रम रहेको हुँदा ............स्थानिय तहका कृषि व्यवसाय एवं सहकारी सम्वन्धी संलग्न कृषि फर्मवाट दरखास्त आह्वानको लागी यो सुचना प्रकाशित यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले .................... दिन भित्र .........कार्यलयमा तपशिल कागजजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आह्वान गरीएको छ।यस सम्बन्धी थप जानकारीका लागी वेवसाइट...............वा फोन न............................................गर्न सकिने छ।

आवश्यक कागजजात

१. निवेदन

२.संस्था दर्ताको प्रमाणत्रको प्रतिलिपि

३.निजि फार्मको हकमा गत आ.व.को संस्थाको लेखा परीक्षण भएको प्रतिलिपि

४.निजि फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा छुट भएको भए सम्बन्धित स्थानिय तहको प्रमाणपत्र

५.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण  पत्रको प्रतिलिपि

६.कार्ययोजना/प्रस्तावना

७.आयोजना सम्बन्धी अन्य कागजातहरु

मर्स्याङ्दी गाउँपालिका

अनुसुची-३

( परिच्छेद २ को दफा ५(ख) संग सम्बन्धीत)

मितिः-

विषयः-अनुदान उपलव्ध गराइदिनु हुन।

श्रीमान.......................... ज्यु

.............कार्यालय

...........................स्थानीय तह

महोदय,

तहाँ कार्यलायवाट मिति .............मा प्रकाशित सूचनाअनुसार संचालन हुन लागेको ...............................कार्यक्रमको उद्देश्य,लागत,समयाविधि,जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरीएको छ।कार्यक्रम सन्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान गराइदिनुहुन अनुरोध गर्दछौ।

तपशिल,

अनुदानग्राहिको नाम

ठेगाना

स्थानिय तह

वडा न.

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सन्चालन गरिने कार्यक्रमः

कार्यक्रम सन्चालन गर्न लाग्ने कुल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समय ;

कार्यक्रम सन्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या

निवेदक

कृषक/कृषि समुह/कृषि सहकारी/कृषि फार्म/उधमी कृषक

नाम थर

पद

सम्पर्क फोन न.

मितिः

संस्थाको छाप

मर्स्याङ्दी गाउँपालिका

## अनुसूचि-४
## (परिच्छेद २ दफा ६ सँग सम्बन्धित)

| क्र.स. | मुल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १. | प्रस्तावित कमाण्ड क्षेत्रको क्षेत्रफल/संख्या | १० | |
| २. | सम्भावित लाभान्वित वर्गको संख्या | १० | |
| ३. | वाली वा वस्तुको क्षेत्रफल/सङख्या विस्तारको सम्भावना | १० | |
| ४. | प्रस्तावित वाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता | १० | |
| ५. | प्रस्तावित वाली/वस्तुको स्थानिय आवश्यकता तथा प्रादेशिक महत्व | १० | |
| ६. | कृषि तथा बस्तु उत्पादन सामाग्री आपुर्ति तथा उत्पादन पुर्वाधारको सहजता | १० | |
| .७. | उत्पादनको वजारीकरणको सम्भावना तथा बजार सुविधा | १० | |
| ८. | उद्वेश्य प्राप्तिमा सहयोग | १० | |
| ९. | स्वलगानिको स्पष्ट आधार | १० | |
| १०. | रोजगारीको सृजना | १० | |
| | जम्मा | १०० | |

मर्स्याङ्दी गाउँपालिका

अनुसूची-५

परिच्छेद २ को दफा ७(ग) सँग सम्बन्धीत

**कार्यक्रम सम्झौता फारम**

क) सम्झौता गर्ने पक्ष र आयोजना

१. लाभग्राही/ कृषकको विवरण:

२.ठेगाना:

३.सम्पर्क:

ख)कार्य विवरण

१) नाम:

२)कार्य स्थल:

३)उद्देश्य:

४)कार्य सुरु हुने मिति:

५)कार्य सम्पन्न हुने मिति:

ग)कार्यक्रमको लागत सम्बन्धी विवरण

१)जम्मा लागत अनुमान रकम:

२)लागत ब्यहोर्ने स्रोतहरु

कार्यालयले व्यहोर्ने रु:

लाभग्राहीले व्यहोर्ने रु:

घ)कार्ययोजना

ङ) सम्झौताका सर्तहरु:

कृषक/लाभग्राहीको जिम्मेवारी तथा पालना गर्नु पर्ने शर्तहरु:

१) आयोजना मिति गतेदेखि शुरु गरी मिति गतेसम्म पुरा गर्नु पर्ने ।

२) आयोजनाको कुल लागत भन्दा कम लागतमा सम्मन्न भएको अवस्थामा सो मुताबिक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनुपर्ने छ ।

३) लाभग्राहीले प्राबिधिकको राय ,परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्ने ।

४)लाभग्राहीले आयोजनासंग सम्बन्धी बिल भरपाई,डोर हाजिर फारमहरु,आदि कागजहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्ने छ | कुनै सामाग्री खरिद गर्दा आन्तरिकलेखा नं. र मुल्य अभिबृदि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ती,फर्म,संस्था वा कम्पनीबाट खरिद गरि सोहि अनुसारको बिल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गारि पेश गर्नु पर्ने छ।

५) मुल्य अभिबृदि कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,००० भन्दा बढि मुल्यको सामाग्री अनिवार्य रुपमा मुल्यअभिबृदि कर दर्ता प्रमाण पत्र प्राप्त ब्यक्ति/फर्म /संस्था वा कम्पनिबाट खरिद गर्नु

मस्र्याङ्दी गाँउपालिका

पर्ने छ । साथै उक्त बिलमा उल्लेखित मु.अ. कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत कर कट्टि गरि बांकि रकम मात्र सम्बन्धित कृषकलाई भुक्तानी हुनेछ।

६) सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछीअन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिबेदन ,प्रमाणित बिल भरपाईयोजनाको फोटो सम्बन्धी लाभग्राहीले आयोजना संचालन गर्दा भएको आय व्ययको प्रतिबेदन तथा सम्बधीत वडा कार्यालयको सिफारीस सहित भुक्तानीको लागि निबेदन पेश गर्नु पर्ने छ ।

७) कार्य सम्पन्न भए पछि कार्यालयबाट जांचपास गरे पश्चात मात्र भुक्तानि दिइने छ।

यसमा उल्लेख नभएका शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

माथि उल्लेख भएका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर छौं।

| **अनुदानग्राहीको तर्फ बाट** | **कार्यालयको तर्फबाट** | **कार्यालयको तर्फवाट** |
|---|---|---|
| दस्तखतः<br><br>नाम थरः<br>फार्मको नामः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः |
| **वडाको तर्फवाट** | **वडाको तर्फवाट** | **वडाको तर्फवाट** |
| दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः | दस्तखतः<br><br>नाम थरः<br>पदः<br>सम्पर्क नं.<br>मितिः |

मर्स्याङ्दी गाउँपालिका

मर्स्याङ्दी गाउँपालिका